जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्भन्नुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १०४ पृष्ठः ४ | २०८२ साउन २६ गते सोमबार (Monday 11 Aug. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## हुलाकी सडक अन्तर्गत कमला नदीमा पुल नहुँदा सास्ती, बर्खे भेलमा जोखिम मोलेरै डुंगाबाट आउजाउ



सिरहा, २५ साउन। मधेशको लाइफलाइन मानिने हुलाकी सडकअन्तर्गत कमला नदीको पुल १४ वर्षभन्दा लामो समयदेखि निर्माण भइरहेको छ। तर, अझै यो पुल बन्न नसक्दा त्यहाँका नागरिकले भोग्नुसम्मका सास्ती भोग्दै आएका छन्। बर्खे भेलमा समेत सर्वसाधारणले जोखिम मोलेरै भए पनि डुंगाको साहारामा आउजाउ गर्न बाध्य छन्। यो हेर्दा सामान्य लाग्ला। न इन्जिन छ, न त मेसिन। तर, जबजब कमलामा बाढी आउँछ, तब काठैकाठले बनेका यिनै डुंगाहरू हुलाकी सडक भएर हिड्ने सर्वसाधारणका लागि आउजाउ गर्ने साहारा बन्छ।

यी डुंगा नभइदिएका भए वारिका मानिस वारि, पारिका पारी नै रहने अवस्था हुन्थ्यो। किनकि, त्यहाँ पुल नै छैन। पछिल्लो समय कमलामा आएको बाढीपछि अहिले यही दुई डुंगा सर्वसाधारणका लागि साहारा बनिरहेको छ। सिरहा नगरपालिका–६ स्थित बसबिट्टा घाटमा चल्ने यी दुई डुंगाले दैनिक एक हजारसम्म सर्वसाधारणलाई वारिपारी गराइरहेका हुन्छन्। एउटै डुंगा चलाउनका लागि तीनदेखि पाँच जनासम्म खटिनुपर्छ।

मधेशको लाइफलाइन मानिने हुलाकी सडकको कमला नदीको पुलको निर्माण सुरू भएको १४ वर्षभन्दा बढी भयो। चार सय ६९.२ मिटर लामो पुलको निर्माण २०६८ जेठ ३१ बाटै थालिएको थियो। तर, पटक–पटक म्याद थप भएर १० वर्षमा निर्माणको अन्तिम चरणमा पुगेको यो पुल २०७८ असार १७ मा सामान्य बाढी थेग्न नसकी भासिएको थियो। पुल भासिएपछि पुनः पुनर्निर्माण थालिएको भनिए पनि यति सुस्त ढंगले काम भइरहेको छ कि पुल बन्न नबन्ने कुरा अनिश्चितजस्तै

**–बाँकी दुई पेजमा**

## पर्साको ठोरीमा पाटे बाघ मृत भेटियो

पर्सा, २५ साउन। पर्साको ठोरी गाउँपालिका–४ माली बस्तीनजिकै भारततर्फ जाने बाटोमा मृत अवस्थामा पाटेबाघ भेटिएको छ। पर्सा प्रहरीका सूचना अधिकारी किशोर लम्सालले आज विहान ७: ३० बजे आसपासमा ठोरीको मालीवस्तीस्थित हुलाकी सडकभन्दा अन्दाजी ५०० मिटर दक्षिणतर्फ पाटेबाघ मृत अवस्थामा भेटिएको जानकारी दिए।

‘ठोरीका स्थानीयले पाटेबाघ मृत अवस्थामा भेटिएको सूचना दिएपछि प्रहरी चौकी विजयबस्तीबाट प्रहरी सहायक निरीक्षक धर्मेन्द्र साहको कमाण्डमा टोली खटिएर छ, अहिले अनुसन्धान भइरहेको छ’, उनले भने– ‘पर्सा राष्ट्रिय निकुञ्ज आधारभार र नेपाली सबुज गणको टोली पनि आवश्यक अनुसन्धानका लागि गएको जानकारी प्राप्त भएको छ।’ पर्सा प्रहरीका अनुसार प्रहरीचौकीबाट सो स्थान चार किलोमिटर दुरीमा पर्छ। पर्सा राष्ट्रिय निकुञ्जका रेञ्जर जयराम न्यौपानेले मृत भेटिएको पाटेबाघको मुचुल्का बनाएर शव परीक्षणका लागि निकुञ्ज ल्याइएको जानकारी दिए। ‘पाटेबाघको बाहिरीभागमा सामान्य चोटपटक देखिएको छ भन्ने सुन्नमा आएको छ। बाघ जुँधेर हो वा अन्य के कारणले चोटपटक लागेको हो भन्नेबारे शव परीक्षणपछि नै थप जानकारी प्राप्त हुनेछ’, उनले भने।

## घाइतेहरू सिरहा कारागार फर्किंदा पुनः झडप दोहोरिने जोखिम



सिरहा, २५ साउन। जिल्ला सदरमुकाम सिरहास्थित कारागारमा २१ दिनअघि कैदीबन्दीको दुई समूहबीच भएको झडपमा १३ जना घाइते भएपछि कारागार प्रशासनले भेटघाटमा कडाइ गरेको छ। पछिल्लो झडपपछि कारागार शान्त देखिए पनि घाइते भएकाहरु उपचारपछि फर्किए पुनः झडप दोहोरिने जोखिम बढेको छ।

कारागार प्रशासनका अनुसार चौकीदार विजयकुमार महतो र कैलाश ठाकुर समूहबीच दोहोरो झडप भएको थियो। कारागारको आन्तरिक प्रशासन संचालन गर्ने ‘चौकीदार’ चयन, आर्थिक लेनदेन

**–बाँकी तीन पेजमा**




**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं ।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराओं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।
- विश्व स्तनपान सप्ताह सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## कारागारमा झडप हुने सरकारलाई पहिल्यै थाहा थियो !

सरकारले समस्याको गम्भीरता बुझ्नै नचाहँदा कारागारमा झडप र अराजकताको घटना बारम्बार दोहोरिने गरेको छ। कैलाली कारागारमा १ जनाको मृत्यु र ४८ जना घाइते हुनेगरी बिहीवार बेलुका भएको कैदीहरूबीचको झडप पनि सरकारी लापरबाहीकै उपज हो। कारागारमा मुठभेड हुनसक्ने जानकारी सरकारको उच्चतहमा पुग्दा पनि बेवास्ता गरिएकाले नै कलाली कारागारमा अप्रिय घटना हुनपुगेको देखियो। कारागारभित्र भिडन्त हुनसक्ने सूचनासहित सुरक्षाको माग गर्दै ५९० बन्दीले निवेदन दिएपछि राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित निकायलाई केही दिन पहिले नै पत्राचार गरेको थियो।

परन्तु, सरकारी अधिकारीहरूले आयोगको पत्रमात्र होइन कारागारभित्रको सूचनासमेतलाई गम्भीरतापूर्वक लिएनन्। कैलाली कारगारमा भिडन्त भएर १ जनाको ज्यान जाने र कारागारनै बन्दीहरूको नियन्त्रणमा पुगेको दिन जेलर र उनका सहायकसमेत बिदामा बसेका थिए। यसरी थाहा पाउँदा पाउँदै झडप रोक्ने प्रयास नगर्ने सरकार हत्याका लागि नैतिकरूपमा दोषी देखिन्छ। सरकार कैलाली कारागारको घटनाको गम्भीरताप्रति अहिले पनि गम्भीर देखिएन। राज्यको सुरक्षामा रहेका व्यक्ति कारागारभित्रै झडप भएर मारिनु सुरक्षा प्रबन्धका दृष्टिले अत्यन्त गम्भीर त्रुटि हो। सरकारले भने त्यसको छानबिनका लागि समेत सक्षम आयोग बनाउने आवश्यकता देखेन।

कैलाली कारागारले लभगभ देशभरकै झ्यालखानाहरूको प्रतिनिधित्व गर्छ। केही पहाडी जिल्ला छाडेर देशभरकै कारागारमा धान्न सक्ने क्षमताभन्दा दोब्बर, तेब्बर बढी कैदी बन्दीलाई थुनेर राखिएको छ। थुनामा राखिएकाहरूले मानवोचित सामान्य सुविधासमेत पाएका हुँदैनन्। अर्कातिर उनीहरूमध्ये पूर्पक्षका लागि थुनामा राखिएकामध्ये कतिपयले कसुरबापत बिताउनुपर्ने भन्दा बढी समय कारागारमा बिताइसकेका समेत हुन्छन्। फलस्वरूप, तिनमा राज्य र कानुन व्यवस्थाप्रति वितृष्णा तथा प्रशासनविरुद्ध आक्रोश भरिएको हुन्छ। नेपालको कारागार नै अपराधी बनाउने कारखाना हुनपुगेका छन्। पहिले झ्यालखानामा बसिसकेका अहिलेका प्रधानमन्त्रीलगायत थुप्रै राजनीतिक नेताहरू राज्यको निर्णायक स्थानमा पुगे पनि कारागारको सुधारमा भने तात्त्विक प्रगति भएको छैन। न झ्यालखानाको भौतिक अवस्थामा सुधार भयो न कारागारभित्रको वातावरण र प्रशासनमा नै लोकतान्त्रिक दृष्टिकोण अपनाइयो। यसो हुनुको मुख्य कारण भने सरकारको राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र दुवैमा रहेको राणाकालीन अनुदार सामन्ती संस्कार नै हो। अहिले पनि शासकहरूमा कारागारमा रहेकाहरू सबै अपराधी हुन् र सजाय दिने उपाय तिनलाई यातना र सास्ती दिनु नै हो भन्ने मानसिकता देखिन्छ।

अहिलेको सरकारबाट कुनै पनि क्षेत्रमा प्रगतिशील जनमुखी परिवर्तनको अपेक्षा गर्नु मूर्खता हुन्छ। तैपनि कैलाली घटनाले एकपटक फेरि संकेत र अवसर दुवै दिएको हुनाले सरकार यथार्थमा नै गम्भीर हुनु उचित एवं आवश्यक देखिन्छ।

कारिन्दा तहको छानबिन वा विभागीय कारबाही गरेर केही दिन त कैलाली कारागारको झडप साम्य भएको देखिएला तर कारागार प्रशासनमा ठूलै परिवर्तन नभए यस्तो दुःखद घटना अर्को कुनै पनि ठाउँमा कुनै पनि क्षण हुनसक्छ। यसैले घटनाको वास्तविक कारणको सम्बोधन आवश्यक छ।

नेपालका अधिकांश कारागारभित्र राज्यको होइन बन्दीहरूको शासन चल्छ। जेलभित्रैबाट अपराधी गिरोहको चलाइएको कतिपय घटना सार्वजनिक पनि भएका छन्। यस्तो ‘माफिया राज’ कि त कारागार प्रशासनको समेत साझेदारीमा चलाइन्छ नभए जानकारी र मौन समर्थन हुन्छ। तर, त्यसका लागि कारागार प्रशासनका कर्मचारीलाई अहिलेसम्म सजाय भने दिइएको देखिँदैन।

यसैले मध्यमतहका सामान्य अधिकृतको संयोजकत्वमा होइन कैलाली कारागारको झडपको जड पहिल्याएर दोषीलाई सजाय दिलाउन न्यायिक वा संसदीय छानबिन आयोग बनाउनु उचित हुनेछ। यस्तो आयोगलाई अहिलेसम्म कारागार सुधारका निम्ति गठित समिति, आयोगहरूले दिएका सुझाव कार्यान्वयनको प्रगति पनि हेर्ने र कार्यान्वयनको निर्देशनसमेत अधिकार दिइनुपर्छ। अन्यथा, अर्को कारगारभित्र हुलदङ्गा हुने र कसैको ज्यान जाने अप्रिय घटना पर्खेर बसे हुन्छ।

# अञ्जना विशंखेलाई डेढ वर्षदेखि खुमलटारको ढोका बन्द !

**अञ्जना विशंखे**

हाम्रो पार्टीको भर्खर सम्पन्न स्थायी समिति बैठकको निर्णयले अन्तर्विरोध ठ्याक्कै हल भयो भन्ने ठाउँमा पुगेको मैले देख्या छैन। अन्तर्विरोध हल हुन केही नयाँ कुरा हुनुपर्‍यो। अन्तर्विरोध सांगाठनिक रूपमा, तत्कालीन कार्यदिशामा, व्यवस्थापनमा यहाँनिर अन्तर्विरोध थियो, यसरी हल भयो भन्ने विषय व्यवस्थित ढङ्गले आएजस्तो मलाई लाग्दैन। अब नयाँ ढङ्गले जाऔँ भन्ने कुरामा एक ढङ्गले जीवन्त छलफल भयो भन्ने ठाउँमा मचाहिँ पुग्या छैन।

**व्यक्ति–केन्द्रित बहसको विडम्बना**

अघि मैले भनिसकेँ, एजेन्डाअनुसार गम्भीरतापूर्वक छलफल गर्नेभन्दा पनि जनार्दनजीले कहाँ बाहिर बोलेको कुरा हो, त्यो भएन। कहाँनिर समस्या परेको हो, भित्रै हल गर्न पर्‍यो। यस्ता–यस्ता कुराहरूमा बढी केन्द्रित भएको मैले बैठकमा देखेँ। त्यसैले एजेन्डावाइज जस्तो कतिपय व्यवस्थापन पाटोमा, हामीले महाधिवेशनको निर्णय कहाँ पालना गर्‍यौँ ? कहाँ चुक्यौँ ? अभियानमा पनि उभार त आयो। तर उभार कस्तो देखिन्छ भने अध्यक्ष गएको ठाउँमा सबैजना हुर्रर जाने।

तर कहिलेकाहीँ हाम्रै काठमाडौँमा वडाको बैठक बस्ने वेलामा सहभागिताभन्दा मञ्चमा धेरै मान्छे देख्छौँ। पार्टीको यथार्थ चित्र फेरि त्यो पनि छ नि अझै पनि। त्यसलाई हामीले कसरी विस्तारको अभियान लैजाने ? अझ व्यवस्थित ढङ्गले तलसम्म संगठनलाई कसरी पुर्‍याउन सकिन्छ ? कुण्ठामा बसेका असन्तुष्ट साथीहरूलाई पार्टीले खै हेरेन क्यारे भन्ने स्थिति छ, मूल्याङ्कन भएन इतिहासको भन्ने छ।ती सबै कुराहरूलाई यहाँनिर हामीले गर्‍यौँ, यहाँनिर गरेनौँ। यस्ता छलफल हुनै पाएन। यो सबैभन्दा ठुलो विडम्बनाको कुरा हो।

मानिलिउँ अन्तर्विरोध मैले बाहिर राखेँ। त्यो सबैभन्दा टाउको दुखाइ बन्ने, अनि अरू विषय टाउको दुखाइ नबन्ने। अरू विषय छताछुल्ल गर्नुपर्ने हो त ? एउटा प्रक्रियामा छलफल गरौँ, एक ढङ्गले बसौँ भन्ने विषयलाई मूल नेतृत्वका व्यक्तिगत विषय पनि होइनजस्तो लाग्छ मलाई। पार्टी निर्माणको कुरामा, पार्टीलाई अगाडि बढाउने कुरामा मूल नेतृत्व जिम्मेवार हुन्छ, तर हामी सबै जिम्मेवार हो। हाम्रो सामूहिक नेतृत्वको केन्द्रीकरण न हो, जनवादी पद्धतिमा।

**निर्णय गर्ने तर नमान्ने संस्कृति**

आत्मालोचनाको विषयलाई हामीले कसरी लिएर जाऔँ भन्नेभन्दा पनि कहाँनिर केन्द्रित भयो भने, जस्तोः पुष्पलालको पार्टी स्थापना दिवसको दिनमा बोलेको विषयमा केन्द्रित भयो। कतिपय अवस्थामा अध्यक्षले पनि धेरै कुराहरू बोल्नुभएको छ, त्यो विषयलाई केन्द्रित बनाउने कि नबनाउने भन्ने प्रश्न हुन्छ होला। तर त्यो बुँदा कहाँनिर फरक हो र कहाँनिर हल गर्नपर्छ भन्नेतिर जानै नखोजेपछि त्यसले बैठकमा एक प्रकारले जथाभाबी बोल्नुभयो, बाहिर अन्तर्विरोध छताछुल्ल पार्नुभयो। त्यस कारण ल आत्मालोचना गर्नुपर्छ। विगतमा पार्टीको निर्णयलाई अवज्ञा गर्नुभयो अनि त्यसको माइन्युटमा हस्ताक्षर गर्नुभएन, त्यस कारण उहाँलाई आत्मालोचना गर्नुपर्छ अथवा माइन्युटमा सिग्नेचर गर्नपर्छ भन्ने कुरा आयो। माइन्युटमा सिग्नेचर के–के कारणले नगरेको भन्ने कुरा सोध्नु नपर्ने, अरूलाई नि सोध्नु नपर्ने अनि उहाँको जवाफ सुन्नु पनि नपर्ने देखियो।

मूलतः महाधिवेशनले २९९ केन्द्रीय समिति बनाउने त्यसपछि ११ जना पदाधिकारी बनाउने यावत् निर्णय गर्‍या हो। त्यो महाधिवेशनको निर्णयलाई कार्यान्वयन गर्नुपर्छ भन्ने विषय फेरि कसैको मुखबाट उठ्दैन। महाधिवेशनको निर्णय कार्यान्वयन गरौँ न, हाम्रो कहाँनिर समस्या भयो ? नेता–कार्यकर्ता विधान मिच्दै गए भनेर आज बनायो, भोलि मिच्ने, पर्सि बनायो, निकोर्सि मिच्ने भयो भने त पार्टी नै चल्दैन, पार्टी नै बन्दैन। यो विषयमा छलफल गर्न पाएको भए राम्रै हुन्थ्यो। यसरी विषयमा छलफल भएन यसपालि।

**गुटबन्दीको रटान : रोगको पहिचान कि लक्षणको उपचार ?**

मलाई मूल जिम्मेवारी नदिएको एक–दुई वर्षै भइसक्यो। सहइन्चार्ज भनेर घोषणा गर्‍यो, एक महिनापछि फेरि सहइन्चार्ज हटाइयो। त्यसपछि व्यक्तिहरूको मान्छेलाई विभाग र विभागको इन्चार्जसिप अनि त्यसपछि फ्याक्सनको इन्चार्जसिप पुगेपछि केन्द्रीय समितिलाई दिने भनेर निर्णय गर्‍यो। त्यो निर्णय पसिना सुक्न नपाउँदै हामी स्थायी समितिका मान्छेलाई कुनै मूल जिम्मेवारी नै छैन। जिम्मेवारी नै छैन। अनि केन्द्रीय समितिकालाई मूल–मूल जिम्मेवारी दुई–तीन ठाउँमा दिएकाहरू पनि देखेँ मैले।

कुनै केन्द्रीय समिति सदस्यलाई छैनजस्तो गरेर एउटै जिम्मेवारी पनि नदिएको देखेँ मैले। भनेपछि फेरि हामीले कहाँ गुटबन्दी गर्न जाने ? संगठनैमा काम गर्ने स्थिति बन्दैन। स्थायी समिति भनेको राष्ट्रिय सभाजस्तै भूगोलमा जिम्मेवारी हुँदैन। अनि सदस्य हो भन्या छ, बोलाए पनि हुने, नबोलाए पनि हुने। एकपदीयजस्तो भएको छ। सामूहिक नेतृत्व प्रणाली नै विकास हुँदैन। यो अवस्थामा कसले कहाँ गुटबन्दी गर्न जाने ? गुटबन्दी गर्ने भनेको के हो ? जस्तो किन्न यो भएन भनेर छलफल गर्दा गुटबन्दी हुने हो कि ? कुनै नेतृत्वलाई भावनात्मक ढङ्कले लौ न भएन, म के पार्टीमै काम नगरौँ त भन्दाखेरि गुटबन्दी हुने हो ? त्यो भन्नलाई अध्यक्षले टाइम दिनुहुन्न।

अध्यक्षले हामीलाई टाइम नदिएकै एक–डेढ वर्ष भइसक्यो। गुनासो जुन नेताले सुन्छ, त्यही नेताकहाँ नि भन्न जाने होला। त्यसलाई नै गुटबन्दी भन्ने हो भने अब के गर्ने हो, मलाई थाहा छैन। गुटबन्दी भन्ने कुरा कसरी गर्ने हो ? गुटबन्दी भन्ने कुरा जबसम्म पार्टी, पार्टीको रूपमा चल्दैन। लेनिनले भन्नुभएको थियो–मूल स्प्रिट, पेसेवर कार्यकर्ताहरूको दस्तासहितको टिम निर्माण गर्नुपर्छ क्रान्ति प्रक्रियालाई अगाडि बढाउँदाखेरि कतिपय अन्तरसंघर्षहरू हुन्छन्, त्यो व्यक्तिविरुद्ध लड्न सर्वहारा वर्गका जुझारु र स्प्रिट भएका नेतृत्वको दस्ता बन्नुपर्छ। हामीले त्यही बुझेको हो। गुट भनेको नेतृत्वले समान ढङ्कले प्रतिनिधित्व गराउने, समान ढङ्कले व्यवस्थापन गराउने, समान ढङ्कले विधि–पद्धतिलाई पद्धतिअन्तर्गत लिएर जाने, पार्टीका कामलाई स्मुथ्ली (मसिनो रूपमा) जान दिने, मूल नेतृत्वले मेरो को हो ? अर्काको को हो ? भनेर छान्न नथाल्ने हो भने यो टिमको जरुरतै पर्दैन। किन दुःख गर्न चाहन्छ र मान्छेले ? किन दुःख बेहोरेर हिँड्न चाहन्छ र अनावश्यक रूपमा ?

**जस र अपजसको प्रश्न**

हामी शान्ति प्रक्रियामा आएदेखि गणना गर्दा साढे १८ वर्ष भइसक्यो। अध्यक्षको मुखबाटै पार्टी बनाउन सक्या छैन, माओवादी आन्दोलन कमजोर भएको छ भनिराख्नुभएको मैले सुनेको छु। आन्दोलन भइराख्या छ भन्नुहुन्छ, त्यो नभएको कारणहरू के हो भनेर एउटा मूल्याङ्कन टिम, एउटा विशेषज्ञको टिम, पार्टीभित्रका अब्बल मान्छे, उहाँलाई नै अब्बल मान्छे लागेको छ भने उहाँले नै छाने भयो। अब्बल मान्छेको टिमलाई छानेर यो किन हाम्रो पार्टी बनेन ? आन्दोलन मात्रै बनिराख्या छ भनेर छलफल गर्नुपर्थ्यो कि पर्ने थिएन ?

त्यो गर्न कसले छेक्या छ ? नयाँ ढङ्गले कोही मान्छेले प्रस्ताव ल्याउँछु भन्यो भने फेरि चारैतिरबाट आक्रमण हुन्छ। लौ अध्यक्ष प्रचण्डलाई घेराबन्दी गरे, प्रचण्डलाई उठ्नै दिएनन् भन्ने हुन्छ। उहाँले गर्नपर्‍यो, किनभने अध्यक्षले नै नगरीकन अरूले गरेर नहुने रहेछ। अध्यक्षले नै गर्नुपर्छ भने उहाँले नै सुन्नुपर्‍यो, छलफल अगाडि बढ्नुपर्‍यो, के गर्ने भनेर सोध्नुपर्‍यो। त्यो कुरा मुख्य उहाँकै जिम्मेवारी होला नि सबभन्दा धेरै। त्यसैले सप्रेमा अध्यक्षको जिम्मेवारी भए, बिग्रिनेमा अपजस उहाँको हुँदैन र ? त्यसरी बुझ्नुपर्छ भन्ने कुरा हो मेरो।

उहाँले क्रान्ति सफल गरेर आउनुभयो, लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सफल हुनुभयो, जनयुद्धको नेतृत्व गर्नुभयो, जब यता आइसकेपछि पनि पार्टी फेरि प्रचण्डकै नेतृत्वमा छ। कसैले फेरि जनयुद्ध सकिनासाथै कसैले विद्रोह गर्‍या पनि छैन। नेतृत्व हस्तान्तरण गरेर बिग्रियो भन्ने ठाउँ पनि छैन। निरन्तर उहाँ नै नेतृत्वमा हुनुहुन्छ। नेतृत्वमा प्रचण्ड नै हुनुहुन्छ भनेपछि कमान्डर र जनयुद्धको मुख्य नेता भन्ने जस उहाँले पाउनुहुन्छ भने अहिले यो २० वर्षको बिग्रियो भन्नेको अपजस पनि उहाँले पाउनुपर्‍यो। कसले लिन्छ ?

केन्द्रीय समिति बैठकमा पनि स्थायी समितिभन्दा फरक केही हुँदैन। केन्द्रीय समितिमा नयाँ कुरा नयाँ ढङ्कले बहस हुन्छ जस्तो मलाई लाग्दैन। स्थायी समितिमा जुन ढङ्कले अगाडि बढ्यो, त्यही ढङ्कले केन्द्रीय समितिमा पनि भयो भने कसरी समस्या समाधान हुन्छ ? जिम्मेवार कमरेडहरूको बैठक बस्दा त यसरी जाऔँ भन्ने स्थिति रहेन। केन्द्रीय समितिमा प्रश्न गर्ने साथीहरू हुन सक्लान्, त्यो आफ्नो ठाउँमा छ। तर नेतृत्वको विशेष प्राधिकार हुन्छ, त्यो प्राधिकारलाई ठिक ठाउँमा प्रयोग गरिदिए हुन्छ भन्ने मलाई लाग्छ।

नेतृत्व भनेको दुवै कुरा हो। दिएर स्विकार्ने पनि हो, नदिए लिने पनि हो। यी एकापसमा अन्तर्निहित विषय हुन्। व्यक्ति मात्रै सर्वेसर्वा छैन। सामूहिक रूपमा व्यवस्थित ढङ्गले लैजानुपर्छ भनेर स्कुलिङ चलाइयो भने त्यही अनुसार अगाडि बढ्छ। स्कुलिङ नै कस्तो चलाइयो भने नयाँ ढङ्गले सोच्न थाल्यो कि विरोधी भइन्छ। यस्तो अवस्थामा कि पार्टी छोड्नुपर्ने हुन्छ कि त त्वम् शरणम् गर्नुपर्ने हुन्छ। भित्रै बसेर अन्तसंघर्ष गर्दा पनि नहुने त होइन, तर त्यसका लागि मूल नेतृत्वभन्दा विद्रोही टिम बढी इमानदार हुनुपर्छ। क्षमताका हिसाबले बढी मिहिनेत गर्नुपर्छ। मूल नेतृत्वभन्दा रूपान्तरण पनि हुनुपर्‍यो। म दिन्छु भनेर लिएको मान्छेले नयाँ कुरा गर्दैन।

नयाँ ढङ्गले हामी जान सकेनौँ भने देशले निकास अन्तैबाट खोज्दो रहेछ। पार्टीभित्र पनि नयाँ नेतृत्व नजन्मिँदा परिणामतः पार्टी त रहिरहन्छ, नयाँ नेतृत्व भने पार्टीभन्दा बाहिरबाट निस्किँदा रहेछन्। पार्टीभित्र अन्तरसंघर्ष पनि नचल्ने, विचारको संघर्ष पनि नचल्ने, पार्टीलाई यथास्थितिमा मात्रै हिँडिरहँदा त्यो पीपलको रूखले ढुङ्गालाई फोडेर निकाल्छ भनेको जस्तै बाहिरबाट नेतृत्व निक्लिनुपर्ने हुन्छ।

अहिले सबै पार्टीहरूको हालत त्यही भएकाले कुनै जगै नभएका एक खालका राजनीतिक नेताहरू जो त्यो आउटलुक भन्छौँ– कुन दृष्टिकोण हो ? समाजवादी हो कि प्रजातन्त्रवादी हो ? पुँजीवादी हो कि, कुन जग हो ? भन्ने थाहा नपाउनेहरूले पोलिटिक्स गरेर एक ढङ्कले झन्डै–झन्डै माओवादीसरह हुन आइपुग्ने स्थिति छ। (नेकपा माओवादी केन्द्रकी स्थायी समिति सदस्य अञ्जना विशुंखेसँगको कुराकानीमा आधारित) रातोपाटीबाट

## *हुलाकी सडक ...*

छ। कमलामा पुल नहुँदा सर्वसाधारणले वर्षौंदेखि भोग्नुसम्मका सास्ती भोग्दै आएका छन्।

पुलको अभावमा सर्वसाधारणको साहारा बन्दै आएको डुंगाको यात्रा त्यति सुरक्षित भने हुँदैन। यसैकारण वर्षेनि कमलामा दुर्घटना भइरहन्छ। त्यहाँका नागरिक अगुवाहरूले कमला पुलका लागि पटक–पटक आन्दोलन नै गर्दै आएका छन्। मुलुकमा अहिले तीन तहका सरकार छन्। तर, कुनै पनि सरकारले आन्दोलनको माग र सर्वसाधारण पीडालाई सम्बोधन गर्न सकेको छैन। राज्य हाक्नेहरूलाई प्रश्न छ, कमलामा नागरिकले भोगिरहेको यो नियतिले पोल्छ कि पोल्दैन ?

**कृष्णा कृषक समूह गोलबजार नगरपालिका-९, सिरहा मिति २०८२ साउन २० गते प्रकाशित शिलबन्दी बोलपत्र आव्हानको सूचनामा २०८२।५।४ गते बोलपत्र खरिद मिति भएकोले २०८२।५।३ गते हुनु पर्नेमा अन्यथा भएकोमा पुनः संशोधन गरिएको व्यहोरा सम्पूर्ण सरोकारवाला निकायमा जानकारी गराउँदछु ।**

# कृष्णा कृषक समुह

**गोलबजार नगरपालिका-९, सिरहा**

**मधेश प्रदेश**

**शिलबन्दि दरभाउ आब्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/२०**

यस कृष्णा कृषक समुहबाट तपशिल बमोजिम कार्य शिलबन्दी दरभाउ पत्र माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्रापत सप्लायर्सहरु/आपूर्तिकर्ता/व्यसायीहरु लाइ आ-आफ्नो संस्थाको स्थायी लेखा.नं., दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नरहेको स्वघोष्णा-पत्र संलगन राखि निम्न अनुसारको शर्तहरुको अधिनमा रही मिति २०८२/०५/०३ गतेभित्र बोलपत्र खरिद गरिमिति २०८२/०५/०४ गते दिनको १२:३० बजे भित्रमा रितपूर्व शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन् यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. ईचछुकआपूर्तिकर्ताले यस उप-आयोजनाको लागि आवश्यक कार्य सम्बन्धि थप जानकारी यस संस्थाको कार्यालय बाट प्राप्त गर्न सकने छ।

२. ईच्छुक आपूर्तिकर्ताले दरभाउ पत्र (Bid Document)बापतको रु.३००० /-(पछी फिर्ता नहुने गरि ) बैंकमा जम्मा गरेको भौचर पेश गरि वा सोभै कार्यालयमा नगद जम्मा गरि लिन सकने छ।

३. आपूर्तिकर्ता /निर्माण व्यवसायीले शिलाबन्दी दरभाउ पत्र पेश गर्दा नेपाल सरकारले तोके अनुसारको बैंक जमानत रकम (Bid Guarantee) को भर्पाइ वा सोभै नगद यस संस्थाको कार्यालयमा बुभाउनु पर्ने छ।

४. तोकिएको समय भन्दा पछाडी पेश हुन् आएका दरभाउ पत्र मान्य गरिने छैन। मिति २०८२/०५/०४ गते दिनको १:०० बजे यसै संस्थाको कार्यालयमा संस्थाका पदाधिकारीहरु र आपूर्तिकर्ताको तर्फ बाट आएको प्रतिनिधिहरुको रोहबरमा पेश भएका दरभाउ खोलिने छ।

५. इच्छुक आपूर्तिकर्ताले फर्मको उदेश्य भित्र रही एक वा सो भन्दा बढी ठेक्का को लागि शिलबन्दी दर भाउ ठेक्का विवरण पेश गर्न सकने छ।

संस्थाको बैंक खाताको नाम :- **कृष्णा कृषक समुह,गोलबजार नगरपालिका-९,सिरहा**

बैंक खातान. :- **२७०१०००००४३००१**

बैंक खाता :- **राष्ट्रिय बाणिज्य बैंक,गोलबजार शाखा**

| ठेक्का नं. | कार्य तथा सामानको विवरण | बैंक जमानत रकम |
|---|---|---|
| KKS-01-2082/83 | कृषि सामाग्री (Chaff Cutter(No.22), Chilling Vat (No.1), Milk Can(No.25), Milk Analyzer(No.1)) | रु.२७५००।- |
| KKS-02-2082/83 | मुरा क्रोस भैसी (२५) | रु.९३७५०।- |

७ . सम्पर्क न. :- ९८१६७५९९९८

# छ वर्षदेखि पुल अलपत्र



**जनार्जन खत्री**

सर्लाही, २५ साउन। सर्लाहीको गोडैता नगरपालिका-६, बगदहस्थित सोरमखोलाको पुल छ वर्षदेखि अलपत्र रहँदा स्थानीय सास्ती खेप्न बाध्य छन्। बगदहदेखि सीमावर्ती गाउँ बहादुरपुरलाई जोड्ने कालोपत्रे सडक अन्तर्गत सोरमखोलामा लामो समयदेखि पुल निर्माण कार्य अधुरो रहँदा स्थानीयलाई आवतजावत गर्न समस्या परेको हो। हिराचन्द, अञ्जना जेभीले पुल निर्माणका लागि २०७४ फागुन ११ गते चार करोड २७ लाख ७९ हजार ३०८ रुपियाँमा ठेक्का सकार गरेको थियो।

२०७६ पुस १० गतेभित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि आजको मितिसम्म पुल निर्माण कार्य अलपत्र रहेको छ। निर्माण सम्पन्न गर्ने सम्झौता अवधि सकिएको छ वर्ष भइसक्दा पनि आजसम्म पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको हो।

गोडैता नगरपालिका-१, बहादुरपुरका वीरेन्द्रकुमार यादवले पुल निर्माणको काम पूरा नहुँदा वर्षायाममा आवतजावत गर्न असाध्यै समस्या परेको गुनासो गर्नुभयो। उहाँका अनुसार खोलामा बाढी आएको समयमा गोडैता बजारमा रहेको विद्यालयमा पढ्न जाने विद्यार्थी, खेतमा पुग्नुपर्ने किसान र दैनिक ओहोरदोहोर गरिरहने यात्रु प्रभावित हुँदै आएका छन्। पुल सञ्चालन नहुँदा बाढी आएको समयमा आउजाउ नै ठप्प हुने गरेको यादवले जानकारी दिनुभयो। यादवले भन्नुभयो, "यो पुल नबन्दा असाध्यै दुःख खेप्नु परेको छ। बाढी आएको दिन वारपार गर्न सक्ने अवस्था हुँदैन।"

गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवले ठेकेदारले पुल अलपत्र छाडेपछि पालिकाबाटै बारम्बार डाइभर्सन निर्माण गरेर आवतजावत गर्ने व्यवस्था मिलाउँदै आएको जानकारी दिनुभयो। मेयर यादवले भन्नुभयो, "पुलको विषयमा सडक डिभिजन चन्द्रनिगापुरका डिई र सिडियो साबलाई भन्दा पनि ठेकेदारलाई केही फरक परेको छैन्। ठेकेदारले डाइभर्सनसमेत नबनाएपछि पालिकाबाटै डाइभर्सन बनाएर आउजाउ गर्ने व्यवस्था मिलाएका छौँ।"

सोरमखोलामा पुल नहुँदा बाढी आएको समयमा सीमावर्ती गोडैता नगरपालिका १, २ र ३ का स्थानीयको उत्तरी भेगसँग सम्पर्क टुट्ने गरेको नगर प्रमुख यादवको भनाइ छ। नगरप्रमुख यादवले भन्नुभयो, "म पालिका आउने सडक पनि यही हो तर ठुलो बाढी आएको दिन कार्यालय आउन नसकेर घरमै बस्नुपर्ने हुन्छ।"

सडक डिभिजन चन्द्रनिगाहपुरका अनुसार सोरमखोलाको अलपत्र पुल निर्माण गर्ने जिम्मेवारी पाएको हिराचन्द-अञ्जना जेभीलाई पुल निर्माणको काम सक्न अहिलेसम्म चार पटक म्याद थप भइसकेको छ। कार्यालयका इन्जिनियर दीपेन्द्रकुमार साहका अनुसार पछिल्लो पटक संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँबाट पुनः २०८२ पुस ३० गतेभित्र पुल निर्माणको काम सम्पन्न गर्ने गरी म्याद प्रदान गरिएको छ। इन्जिनियर साहले निर्माण व्यवसायी बिक्रन्त महतोले अब पुसभित्रमा पुल निर्माण कार्य सक्ने प्रतिबद्धता जनाएका जानकारी दिनुभयो। इन्जिनियर साहले भन्नुभयो, "यो पटक उहाँ ( ठेकेदार) ले अन्य अधुरा सडकको काम पनि पूरा गर्नुभएकाले सोरमखोलाको पुलसमेत बनाउनुहुन्छ भन्ने विश्वास लिएका छौँ।"

सोरमखोलाको पुल लगभग तयार भइसके पनि खोलामा तटबन्ध कस्ने (रिभर ट्रेनिङ) र पहुँच सडक (एपरोज रोड) निर्माण गर्न बाँकी रहेको छ। ठेकेदारले दुई वटा काम तत्कालै गरे पुल सञ्चालन भइहाल्ने अवस्था रहेको इन्जिनियर साहले बताउनुभयो। ठेकेदारलाई पुल निर्माणको काम सक्न बारम्बार ताकिता गरे पनि आर्थिक कारण देखाएर काममा आलटाल गर्दै आइरहेका सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

## *घाइतेहरू सिरहा ...*

र अवैध असुलीको विषयलाई लिएर विवाद चुलिएपछि झडप भएको हो। कारागारको आन्तरिक स्रोतका अनुसार चौकीदार बन्ने प्रतिस्पर्धा र त्यससँग सम्बन्धित आर्थिक चलखेलको कारणले ४ साउनको झडप भएको हो। चौकीदारले गर्दै आएको गलत कामको विषयमा कारागार प्रशासनलाई कैयौं पटक मौखिक गुनासो गरे पनि सुनुवाइ नभएपछि झडप भएको बताइएको छ।

कर्तव्य ज्यान मुद्दामा सिरहा कारागारमा आठ वर्ष कैद सजाय भुक्तान गरिरहेका बेला तीन वर्षअघि १२ चैत २०७९ मा भएको झडपमा मकवानपुरको भिमफेदी कारागार सरुवा गरिएका महतो र ठाकुर केही महिनापछि सँगसँगै राजविराज करागार सरुवा गरिएका थिए। त्यसपछि २०८० सालमा सिरहा आएलगत्तै चौकीदार राजकिशोर राउतलाई फालेर ठाकुर चौकीदार बनेको एक वर्षपछि २०८१ मा महतो चौकीदार बनेका थिए। त्यसपछि मनमुटाव बढेसँगै बाँके कारागार पुर्‍याइएका ठाकुरले त्यहींबाट फोनमार्फत आफ्नो घरमा मासिक दुई लाख रुपैयाँ नपठाए महतोलाई चौकीदारी चलाउन नदिने भन्दै धम्क्याउने गरेको ज्यान मार्ने उद्योग मुद्दा अन्तर्गत कैद सजाय भुक्तान गरी छुटेका सखुवानन्करकट्टी गाउँपालिका ५ का हरेराम यादवले बताए।

**लाखौंको कारोबार, चौकीदारमा होडबाजी**

उनका अनुसार सतहमा महतो र ठाकुर पक्षका कैदीबन्दीहरुबीच टक्कर देखिएको भएपनि कारागारमा २०७९ को झडपपछि सरुवा गरी अन्य जिल्लास्थित कारागारमा कैद सजय भुक्तान गरिरहेका मो.सकिल, खड्गराज दाहाल, आजाद भनिने चन्द्रशेखर यादव, नख्खु कारागारमा रहेका ललित यादव, झुम्का कारागारका इन्दल यादवलगायत पाँच समूह आन्तरिक प्रशासनमा हावी छ।

स्रोतका अनुसार कैदीबन्दीहरूले पाउने मासिक भत्ता, दशैं भत्ता र जाडो भत्तामा समेत चौकीदार र उनका पक्षका नाइकेहरूले अवैध चलखेल गरी लाखौं रुपैयाँ असुल्ने गरेका छन्। चौकीदार महतोले आफ्ना समर्थकहरूमार्फत कैदीबन्दीहरूबाट अवैध असुली गर्दै आएको आरोप छ। झडपपछि घाइते कैदीहरूले कारागार प्रशासनले ३५ लाख रुपैयाँ घुस लिएर झडपको वातावरण बनाएको गम्भिर आरोप लगाएका थिए। बाँके कारागारमा रहेका ठाकुरले कारागारमा आफ्ना प्रतिनिधिमार्फत् उक्साहट र तनाव सिर्जना गर्ने क्रम जारी राखेको स्रोतले जनाएको छ।

स्रोतका अनुसार प्रति कैदीबन्दी दैनिक सात सय ग्राम चामल र ८० रुपैयाँ भत्तावापत् १ साउनमा महतोले कारागार प्रशासनबाट छ लाख ७५ हजार पाँच सय रुपैयाँ भुक्तानी लिएका थिए। तर, कारागारभित्रको पसलको सवा छ लाख र बाहिरको पसलको एक लाख ६५ हजार रुपैयाँ बक्यौता तिरेका छैनन्। कैदीबन्दीहरुबाट उठाएको र कारागार प्रशासनबाट भुक्तानी लिएको रकमबाट महतोले धनुषाबाट श्रीमती बोलाएर आठ लाख रुपैयाँ पठाएको स्रोतको दावी छ।

**सुधार नभए पुनः झडपको जोखिम**

४ साउनमा घाइते भएका महतोसहित उनका पक्षका शिवकुमार राय 'शिवा', मकेश्वर महतो, जयप्रकाश चौधरी 'शिवम्', बैजु दास, सत्यनारायण कारक, दिपेन्द्रकुमार यादव र ठाकुर पक्षका दिपक ठाकुर, अञ्जाली कुशवाहा 'जंगली', रिपेन्द्र झा 'छोटु', सन्तोषकुमार सिंह, जितन साह, विश्वमित्र महतोको काठमाडौंमा उपचार गरिएको कारागार प्रशासनले जनाएको छ।

सिरहा कारागारका प्रमुख सुवोधकुमार साहले अहिले घाइते सबैलाई उपचारपछि केन्द्रीय कारागार जगन्नाथदेवलमा राखिएको बताए। तर, राजनीतिक चलखेलको कारणले उनीहरू पुनः सिरहा कारागार फर्काइए स्थिति जटिल बन्न सक्ने स्रोतले जनाएको छ। कारागार प्रमुख महतोले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि चौकीदार र नाइके सहनाइके चयनको प्रकृया चलिरहेको बताए। ३ साउनमा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सुरक्षा अधिकारीहरूको टोलीले कारागारको अनुगमन र प्रत्येक कोठामा खानतलासी गरेको भोलिपल्ट नै झडप भएको हो।

सिरहा कारागारमा चौकीदारको सुविधा उपभोग गरिरहेका कैदीले सुविधाको दुरुपयोग गर्दै कैदीबन्दीसँग रकम उठाउने आरोप लगाउँदै १२ चैत २०७९ र २०७८ माघमा सिरहा कारागारका तीनजना कैदीलाई सरुवाका लागि रमानासहित निकाल्न खोजिँदा कैदीबन्दीहरुबीच झडप भएको थियो।

**कार्यान्वयन भएन प्रतिवेदन**

गत २४ कात्तिकमा कारागारभित्र आन्तरिक प्रशासनको मिलेमतोमा प्रतिबन्धित बस्तुहरुको आपूर्तिसहित कारागारको पसलमा बढी रकम असुल्ने गरेको सार्वजनिक भएपछि स्थानीय प्रशासनले गठन गरेको पाँच सदस्यीय छानबिन समितिले १० माघमा जिल्ला सुरक्षा समितिलाई प्रतिवेदन बुझाएको थियो।

त्यतिबेला जिल्ला प्रशासन कार्यालय सिरहाले कारागारको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी छानबिन प्रतिवेदन सार्वजनिक गर्ने/नगर्ने विषयमा कारागार व्यवस्थापन विभागको निर्देशनबमोजिम हुने गरी उक्त प्रतिवेदन जानकारी, कार्यान्वयन, अध्ययन, निर्देशनका लागि विभाग पठाएको जनाएको थियो। प्रतिवेदनमा कारागारका केही कैदीबन्दीहरु इमान्दार नरहेको औंल्याएकाले उनीहरुको चालचलनका आधारमा आन्तरिक प्रशासनको जिम्मेबारी दिन नहुने गरी निर्देशन दिएको भएपनि कारागार कार्यालयले पालना गरेको छैन।

# मधेशसहित गण्डकी पूर्वका केही ठाउँमा मुसलधारे वर्षाको सम्भावना

काठमाडौं, २५ साउन। पर्सि मंगलवारदेखि तराई मधेशका जिल्लाहरूमा मुसलधारे वर्षाको सम्भावना रहेको मौसमविद्ले बताएका छन्। मनसुनको न्यून चापीय रेखा केही उत्तरतर्फ सर्ने र जलवाष्पयुक्त हावाको मात्रा बढ्ने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीले बताउनुभयो। यसैको प्रभावले मंगलवार दिउँसोपछि मधेश प्रदेशका केही ठाउँमा अतिभारीसहित कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका धेरै ठाउँमा भारी वर्षा गराउने उनको भनाइ छ। बुधवारदेखि पश्चिमतर्फ बढी वर्षा हुनेछ।

महाशाखाका अनुसार २४ घण्टामा २०० मिलिमिटर वा त्योभन्दा बढी पानी परेमा अति भारी वर्षा भनिन्छ। यस्तो अवस्थामा बाढी, पहिरो र डुबानको जोखिम बढ्छ। पर्सिदेखि हुने वर्षा तराई मधेशमा बढी हुने सम्भावना रहेकोले चरम खडेरीको मारमा परेका मधेशवासीलाई राहत हुने आशा छ। पछिल्लो हप्ता मधेशमा वर्षा भइरहेकोले पानीको उपलब्धतासँगै चर्को गर्मीको मार पनि घटेको छ।

पछिल्लो २४ घण्टामा मधेशका धेरै जिल्लामा वर्षा भएको छ। धनुषाको तुल्सीमा १३७

**-बाँकी अन्तिम पेजमा**

# जनप्रतिनिधीको वेवास्ताले बाटो विहिन बरियारपट्टीका दलित बस्ती



सिरहा, २५ साउन। विकासको नाममा खेत खेतमा पीच र ढलान बाटो पुगेको सिरहा बरियारपट्टी गाउँपालिका १ गडगम्माको महराटोलभने अझै आलीको बाटो भएर पुग्न पर्छ। राज्यसँग सिधा पहुँच नभएका यहाँका बासिन्दा स्थानीय सरकारको अक्रमण्यताका कारण बाटो विहिन भएको हो। बस्तीको चारैतर्फका सडक आरसीसी ढलान भएका छन्। यहि दलित बस्तिमा भने विरामी पर्दा एम्बुलेन्स पुग्ने बाटो समेत छैन। दलितलाई भोटबैंकमात्र ठान्ने स्थानीय राजनीतिक दल, बाटो वरपर खेतभएका व्यक्तिको दलित प्रतिको हेपहा प्रवृतिलेगर्दा करिव २० घर दलित परिवार आजसम्म पनि 'आलि'कोबाटो हिड्न बाध्य छन्।

कोही विराम भए गाउँसम्म एम्वुलेन्स समेत नपुग्ने स्थानीय ७० वर्षिय रतिलाल राम बताउँछन्। 'यो चार पुस्ता पुरानो बस्ती र बाटो हो, यो भन्दा नयाँ बस्तीका बाटाहरु ढलान र कालोपत्रे भएका छन्। यहाँभने विरामी पर्दा एम्वुलेन्स छिर्ने ठाउँ समेत छैनन्र रामले भने, 'केही दिन अघि गाउँकै बुहारीलाई सुत्केरी व्याथाले चाप्यो, एम्वुलेन्स बोलायौं, गाउँमा एम्वुलेन्स पस्न सकेन, दुई सयमिटर पर घिसार्दै लग्नु पर्यो, 'यो हाम्रो वर्षौदेखिको नियती हो।'

रामले भने, 'हामीले बाटो विस्तारका लागि गाउँमै पटक पटक छलफल गरायौ, जनप्रतिनिधीलाई धेरैपटक गुहायौं, तर अझै बाटो बनेन, बन्ने छाटकाँट पनि छैन।' बाटो नहुँदा विवाह, वर्तबन्द गर्दा, नयाँ घर बनाउन समस्या हुने गरेको बस्तीकै ३६ वर्षिय संजित महराले दुखेसो पोखे। निर्माण सामाग्री भन्दा भाडा महँगो पर्ने भएपछि हामीले घर बनाउने हिम्मत समेत गर्न सकिरहेका छौनौं। उनले भने, 'हामी अझै पनि माटोकै घरमा बसिरहेका छौं। कसै–कसैले पक्की घर बनाउन खोजेपनि ढुवानीकै कारण घर बनाउन सक्ने अवस्था छैन।'

घर निर्माण सामाग्री बस्तीभन्दा दुई सय मिटर परै राखेर मानिसले टाउकोमा बोकेर ओसार्नु पर्दा खर्च बढीलाग्ने संजितले सुनाए। उनले भने, 'हाम्रो घरसम्म चारचक्का आईपुग्ने बाटो छैन, अरुको घर अगाडी बाटोमा निर्माण सामग्रि झार्नु पर्छ, परबाट मानिसले ओसार्नु पर्दा ढुवानी खर्च नै बढी लाग्ने गरेको छ।' उनले आफैले सामान्य शौचालय बनाउदामात्र ३ लाख भन्दा बढी खर्च लागेको बताए घर निर्माणमात्र हैन विवाह बटुलगर्दा पनि दुलहा दुलहीलाई घरसम्म हिडाएर ल्याउनु र लैजानु पर्ने बाध्यता रहेको सुनाए।

बाटो निर्माणको लागि आफूहरुले धेरै पटक प्रयास गरेपनि कुनै शिप नचलेको स्थानिय ४३ वर्षिय शिबु महराले बताए। उनले गाउँपालिका अध्यक्ष सन्तोष कुमार महतो, वडाअध्यक्ष र पार्टीका नेताहरु गुहारेर थकीत्त भएको बताए बाटो बन्ने आशा मारिसकेको भन्दै शिवुले निराशा व्यक्त गरे।

गाउँ प्रवेश गर्ने बाटोको दुवै तर्फ स्थानीय शैलेन्द्र र महेन्द्र यादवका जमिन छ उनीहरु बाटोमा आ नो जमिन दिन तयार छैनन्। पालिका पनि दलित बस्तीको बाटो निर्माणमा उदासिन रहेको स्थानीय बुद्धिजीविहरु बताउँछन्। उनीहरु भन्छन्, प्रत्यक नागरिकको घरसम्म बाटो, विजुली, पानी पुर्याउने राज्यको दायित्व हो। तर यहाँको स्थानीय सरकार दलित वस्तीको बाटो विस्तार गर्ने विषयमा गम्भिर छैन। गाउँपालिका अध्यक्ष सन्तोष कुमार महतोको दोस्रो कार्यकाल भएपनि यहाँको दलितहरुले बाटो नपाउनु दुखद विषय भएको बुद्धिजीविहरुको कथन छ।

पालिका अध्यक्ष महतोले सडक किनारका जग्गाधनी जग्गा दिन तडा नहुँदा बाटो विस्तारमा समस्या भएको भन्दै पन्छिए। उनले आफूले धेरै पटक बाटो विस्तारका विषयमा छलफल गरेपनि जग्गाधनीसँग सहमति हुन नसकेको बताए। उनले भने, 'मैले बाटो विस्तारको विषयमा ३–४ पटक सामाजि स्तरमा छलफल राखें, जग्गाधनीहरु सहमत हुन नसक्दा बाटो विस्तार हुन सकेन।'

दुई दुई कार्यका अध्यक्ष हुनुभएका तपाईंले दलित बस्तीमा बाटो पुर्याउन चाँसो नदिएको हो? भन्ने प्रश्नमा अध्यक्ष महतोले आफूले प्रयास गरेपनि नसकेको सुनाए। उनले मैले व्यक्तिगत रुपमा प्रयास गरिरहेको छु। दलित बस्तीकाहरुले पनि पहल गर्नु पर्नेमा जोड दिए।

# पानी परेपछि धान रोपाइँ दोब्बर

जनकपुर, २५ साउन। पानी परेपछि मधेश प्रदेशमा धान रोपाइँ भएको क्षेत्रफल करिब दोब्बर भएको छ। यसै साता भएको भारी वर्षा र त्यसपछिका नियमित सामान्य वर्षाले धान रोपाइँ बढेको हो। मधेश प्रदेशमा साउन १६ गतेदेखि २३ गते शुक्रबारसम्म सात दिनमै ३३.८१ प्रतिशत विन्दुले बढेर अहिलेसम्ममा कुल खेतीयोग्य जमिनको ७६.५४ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको कृषि विकास निर्देशनालय नकटाझिझले जनाएको छ। गत १६ गतेसम्म मधेशमा कुल ४२.७३ प्रतिशत हेक्टर क्षेत्रफल जग्गामा मात्र धान रोपाइँ भएको थियो।

अघिल्लो सातासम्म मधेशमा ५७.२७ प्रतिशत हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा धान रोपाइँ बाँकी रहेकामा २३.४६ प्रतिशत मात्र धान रोपाइँ गर्न बाँकी रहेको मधेश प्रदेशको कृषि विकास निर्देशनालय नकटाझिझका प्राविधिक सहायक प्रतिभाकुमारी यादवले बताए।

पानी परेपछि सबै कामलाई थाति राखेर धान रोपाइँमा लागेकाले धेरै खेत रोपेको कमलाका किसान इन्द्रदेव यादवले बताउनुभयो। "एक बिघामध्ये अब पाँच कट्ठामा मात्र रोप्न बाँकी रहेको छ। खेत भिजेको छ। हिलाम्मे गर्न थौरबहुत पानी आए त्यो पाँच कट्ठामा रोपाइँ सक्छु," उहाँले भन्नुभयो। अर्का किसान कारी यादवका अनुसार अब एक पटक फेरि राम्रो वर्षा भयो भने यो वर्षको पूरै धान खेती सकिने बताउनुभयो। "खेतमा चिस्यान पुगेको छ तर धान रोप्ने गरी हिल्याउन थप पानीका लागि नहर, कुलोपैनी, स्यालो ट्युबेल, डिप बोरिङ चलाउनु पर्ला। आकाशबाटै आए त झनै आनन्द हुने थियो," उहाँले भन्नुभयो। मधेश प्रदेशमा कुल तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ।

### मधेशसहित ...

मिलिमिटरभन्दा धेरै वर्षा भएको जल तथा मौसम विज्ञान विभागको तथ्यांक छ। वर्षासँगै मधेशमा धान रोपाइँमा पनि सुधार भएको छ। अहिलेसम्म ८० प्रतिशत नजिक रोपाइँ भइसकेको प्रदेश सरकारले जनाएको छ। खडेरीले सुक्खा भएर धाँजा फाटेका मधेशका खेतहरूमा हरियाली देखिन थालेको छ।

मंगलवारदेखि हुने वर्षाले मधेशको पानी संकट कम गर्ने भए पनि विशेषगरी पहाडी क्षेत्रमा पहिरोको जोखिम र केही ठाउँमा डुबान पनि हुन सक्ने भएकोले त्यसतर्फ सचेत रहन मौसमविद्ले आग्रह गरेका छन्।

# भूमि विधेयकमा मन्त्रालयले परिमार्जनसहितको प्रस्ताव पेश गर्‍यो

काठमाडौं, २५ साउन। भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा परिमार्जनसहितको प्रस्ताव पेश गरेको छ। बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा मन्त्रालयले परिमार्जनसहितको प्रस्ताव पेश गरेको हो। मन्त्रालयले स्वीकृति प्रतिवेदन पेश गर्ने सम्बन्धमा हालेको प्रस्तावमा 'कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी लगायत सञ्चालनका लागि सम्बन्धित निकायबाट कानून बमोजिम अनुमति प्राप्त गर्दा जग्गा उपयोग सम्बन्धी डीपीआर र वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने भए हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृत माग गर्दा त्यस्तो जग्गा उपयोग सम्बन्धी डीपीआर र सम्बन्धित निकायबाट स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिवेदन पेश गर्नुपर्ने' उल्लेख छ।

यस्तै कम्पनीले नेपाल सरकारले सूचित आदेशद्वारा तोकिएको हदसम्मको जग्गामा जग्गा विकास गरी घडेरी या त्यस्तो घडेरीमा घर वा आवास इकाइ निर्माण गरी बिक्री गर्न सक्ने व्यवस्था राख्न पनि मन्त्रालयको प्रस्ताव छ। यस्तै २०६६ साल माघ २८ गतेभन्दा अगाडिदेखि आवाद जग्गामात्र एक पटकका लागि पुनः नक्शांकन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्नेलगायतका प्रस्ताव पनि गरिएको छ।

सांसदहरूले विधेयकमा अस्पष्ट र एकभन्दा धेरै अर्थ लाग्ने खालका वाक्य राखेको भन्दै विरोध गरेका छन्। सांसदहरूको भनाइपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सांसदहरूले विवाद सिर्जना गर्न खोजेको आरोप लगाए। विधेयकको केही प्रावधानमा सांसदहरूले फेरि प्रश्न उठाएकोप्रति उहाँले आपत्ति जनाएको हो।

सिरानको विषयलाई पुछारको विषयसँग जोडेर विवाद सिर्जना नगर्न समेत उहाँले आग्रह गरे। मन्त्री अधिकारीले विधेयकमाथि व्यवस्थित छलफल हुन नसकेको भन्दै असन्तोषसमेत व्यक्त गर्नुभयो। विधेयकले गरेका व्यवस्थामा सैद्धान्तिक छलफलमा नै सहमति भइसकेको भन्दै उहाँले दफावार छलफलका क्रममा भाषागत विषयमा ध्यान दिन आग्रह गरे।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)